नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

लाजिम्पाट, काठमाडौं

करदाता प्रोत्साहन उपहार कार्यक्रमको प्रणालीमा बीजक प्रविष्टि सम्बन्धी सूचना।

पाक्षिक रुपमा खोलिने करदाता प्रोत्साहन उपहार कार्यक्रम अन्तरर्गत सम्वत् २०८३ आश्विन १६ गतेदेखि ३१ गतेसम्मको उपहार कुपनहरू यहि कार्तिक ०१ गते खोलिने तथा विजेताको घोषणा गरिने भएको हुँदा उल्लेखित अवधिभित्र नगद भुक्तानी गरी वस्तु तथा सेवा खरिद गर्ने उपभोक्ताहरूले यहि आश्विन ३१ गते शनिबार भित्र https://prize.ird.gov.np/ मा गई खरिद बिल सम्बन्धी विवरण प्रविष्ट गरी उपहार कुपन प्राप्त गर्नुहुन सूचित गरिन्छ। प्रस्तुत उपहार कार्यक्रममा सहभागी भई पुरस्कार प्राप्त गर्न खरिद बील अनिवार्य भएकोले सम्पूर्ण उपभोक्तावर्गमा वस्तु तथा सेवा खरिद गर्दा अनिवार्य रूपमा खरिद बील लिनुहुन अनुरोध छ। साथै, वस्तु तथा सेवा बिक्री गर्दा अनिवार्य रूपमा बिक्री बील/बीजक जारी गर्नु/गराउन हुन समेत सबै व्यवसायी बर्गमा सूचित गरिन्छ। अन्तमा, आउदै गरेको विजया दशमीको पावन अवसरमा यहाँहरू सबैलाई हार्दिक मंगलमय शुभकामना !!